bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४२ अंक १११ | २०८० साउन २६ गते शुक्रबार, नेपाल सम्वत् ११४३ August 11, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-



### निर्माणाधिन खानेपानी ट्याङ्की

तनहुँको व्यास नगरपालिका–१ को अमिलीभञ्ज्याङमा निर्माणाधिन भादगाउँ खानेपानी तथा सरसफाई सहलगानी आयोजनाको खानेपानी संकलन ट्याङ्की। करिब २७ करोड रूपैयाँ लागतमा चार लाख लिटर क्षमताको पानी संकलन ट्याङ्की निर्माण गरी एक हजार ५१७ धारा वितरण गरिने भएको छ । चालु आवको भदौ १५ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता गरिएपनि छ महिना म्याद थपको प्रक्रिया अगाडि बढाइएको छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# राष्ट्रनिर्माताको सालिकमाथि राजनीति : पृथ्वी चोकमा बारम्बार बितण्डा

## बुधबार एक समूहले हटाएको पृथ्वीनारायण शाहको प्रतिमा विहीबार पुन:स्थापित

**रिखिराम जिसी**/पोखरा

सहिद लखन थापाको सालिक भएको पृथ्वीचोकमा पोहोर साल पृथ्वीनारायण शाहको तस्बिर सहितको स्ट्यान्ड राखिएको थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीले पृथ्वी जयन्तीको अवसरमा राखेको उक्त प्रतिमा एक समूहले बुधबार झिक्यो।

बुधबार साँझ त्यसको विरोध जनाएको राप्रपाले बिहीबारै फेरि पृथ्वीको प्रतिमा पुन:स्थापना गरेको छ। राप्रपाले पृथ्वीनारायण शाहको प्रतिमा चोरी भएको आरोपसमेत लगाएको थियो । जिल्ला प्रशासनको स्वीकृतपछि पृथ्वीनारायण शाहको प्रतिमा राखिएको राप्रपा पोखरा महानगर कमिटी अध्यक्ष महेश्वर आचार्यले बताए । सालिक हटाउन खोजे द्वन्द्व निम्तिने उनको चेतावनी छ ।



पृथ्वी चोकमा लखन थापाको सालिक राखिएयता यो ठाउँमा 'सालिक राजनीति' हुँदै आएको छ । उहाँ पहिले पृथ्वीनारायण शाहको सालिक थियो । त्यसैले ठाउँको नाम पनि पृथ्वी चोक रहन गयो। पछि उक्त सालिक हटाएर लखन थापाको सालिक राखिएको छ ।

राप्रपा नेता आचार्य भन्छन्, 'सालिक हटाइदिएपछि हामीले पृथ्वीनाराण शाहको प्रतिमा भए पनि रहनुपर्छ भनेर हामीले राखेको। पृथ्वी चोकको नाम नै उहाँको नामबाट राखिएको छ । अहिले पनि सबैतिर पृथ्वी चोकले परिचित छ । भइरहेको सालिकलाई हटाउन खोजिन्छ भने द्वन्द्व निम्तिन्छ ।'

एउटा विधि, प्रक्रियाबाट नगई एउटा पक्षले मूर्ति हटाउनु गलत भएको अध्यक्ष आचार्यले उल्लेख गरे । 'चोकको जामलाई हटाउन सालिक हटाउने भन्ने थियो । तर, एउटा विधि प्रक्रियाबाट नगई कसैको दबाबमा हटाउनु गलत हो । पृथ्वीनारायण शाहको सालिक सम्मानसाथ राख्नुपर्छ ।' आदिवासी जनजाति महासंघ गण्डकीका अध्यक्ष धर्मबहादुर गुरूङ भने ऱ्यालीमा सहभागीले प्रतिमा निकालेको स्वीकार गरे । उक्त प्रतिमा महानगरलाई बुझाइएको उनले बताए । 'हाम्रो ऱ्यालीका सहभागी साथीहरूले निकालिसके पछि थाहा भो । मैले थाहा पाएपछि महानगरलाई बुझाउन लगाएँ', उनले भने ।

पृथ्वी चोकमा २०६२/६३ को जनआन्दोलनअघि पृथ्वीनारायण शाहको सालिक थियो । २०६२/६३ को जनआन्दोलनका क्रममा तत्कालीन विद्रोही माओवादीले राजा पृथ्वीनारायणको सालिक उखेलिदिए । त्यसपछि १ वर्षसम्म पृथ्वीचोकमा कुनै सालिक रहेन । एक वर्षपछि सोही ठाउँमा सहिद लखन थापाको सालिक ठड्याइएको थियो । तत्कालीन समयमा माओवादीबाट प्रधानमन्त्री बनेका डा. बाबुराम भट्टराईले सहिद थापाको सालिक २०६९ फागुन १ गते अनावरण गरेका थिए ।

प्रथम सहिद थापाको सालिक बनेपछि भने यो चोकको नाम नै गडबड भएको छ । जनजाति आन्दोलनमा सक्रियहरू यसलाई लखन चोकको नामले सम्बोधन गर्छन् भने अरूले पृथ्वी चोक नै भन्छन् । स्थानीय पसलमध्ये बहुसंख्यकका नामपाटी (साइनबोर्ड) हरूमा पृथ्वी चोक नै उल्लेख छ भने केहीले लखन चोक लेखेका छन् । बस र ट्याक्सीमध्ये कतिले पृथ्वी चोक लेख्छन् त कुनैले लखन चोक लेखेका छन् । कतिपयले पृथ्वी चोक र लखन चोक दुवै लेखेका छन् ।

२०७४ असोज ९ गते गते पोखरा महानगरपालिकाले लखन थापाको सालिकमा डोजर चलाएको थियो। महानगरले चोकले ठूलो भूभाग ओगटेको र ट्राफिक जाम बढेको भन्दै सालिक भत्काएको थियो । तर, सालिक ढालेर आफूहरूको अपमान गरेको भन्दै विभिन्न जनजाति समुदाय विरोध जनाएपछि भत्काएको २४ घन्टाभित्रै सहिद थापाकै सालिक राख्ने सहमति भएको थियो ।

क्षेत्री समाजले सालिक राख्ने महानगरको सहमतिको विरोध गरेको थियो । पुन: महानगर पृथ्वी चोकमा कुनै पनि सालिक नराख्ने सहमतिमा पुग्यो । तर, २०७५ फागुन १ गते राति मगर समुदायको नेतृत्वमा पुन: लखन थापाको सालिक उभ्याइयो । महानगरपालिकाले शहरका सबै ठाउँका सालिक सराङ्कोट ग्यारजातीको विभूति पार्कमा लगेर राख्ने योजना पनि बनाएको थियो । केही सालिक पार्कमा लगिएको पनि छ। तर, पृथ्वी चोकमा सालिक राख्ने वा अन्त स्थानान्तरण गर्ने भन्ने विषय प्रतिष्ठाको विषय बन्न थालेको छ ।

### शान्ति सुरक्षा बिग्रन दिंदैनौं : प्रजिअ घिमिरे

कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले सालिकहरूलाई व्यवस्थापन गर्ने विषयमा सहमति भएको बताए । 'हिजो केही समयदेखि पोखराको पृथ्वी चोकमा भएका सालिकको

बाँकी तेश्रो पेजमा

# व्यासमा गाउँघर क्लिनिक सञ्चालन

**रासस/गल्याङ**

तनहुँको व्यास नगरपालिकाले गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको छ । नगरबासीलाई गाउँघरमै पुगरे सेवन दिने लक्ष्यसहित नगरपालिकाले गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको हो। भौगोलिक विकटता, यातायातको समस्याको कारण सहज रूपमा स्वास्थ्य सेवा लिनबाट वञ्चित भएका ग्रामीण क्षेत्रका बासिन्दालाई स्वास्थ्यको पहुँच पुऱ्याउनका लागि नगरपालिकाले गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले बताए ।



शहरी क्षेत्र बाहेकका वडाहरूमा नगरपालिकाले गाउँघर क्लिनिक सञ्चालन गरिने उनले बताए । उनका अनुसार बजार क्षेत्रसँग जोडिएपनि विकट रहेका वडाहरूमा स्वास्थ्यको पहुँच घरमै पुऱ्याउनका लागि गाउँघर क्लिनिक सञ्चालनमा ल्याएको हो ।

उनले भने, 'हाम्रो व्यास नगरपालिकामा रहेका भित्रि गाउँहरू अझै विकट छन् । स्वास्थ्यको पहुँच पुगेका छैनन् । गाउँमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने उद्देश्यले यो अभियान सञ्चालन गरिएको छ। उक्त गाउँघर क्लिनिक मार्फत हरेक महिनामा विकट गाउँहरूमा स्वास्थ्यकर्मी सहितको टोली पुगेर स्वास्थ्य जाँच तथा औषधी वितरण गरिने छ ।'

गाउँघर क्लिनिक कार्यक्रममा परिवार नियोजन, सुरक्षित मातृत्व र नवशिशु स्वास्थ्य सेवा, गर्भपतनका जटिलताहरूको रोकथाम बारे परामर्श, यौनरोग बाझोपन बारे परामर्श, पाठेघर खस्ने समस्याको परीक्षण, किशोर किशोरीको स्वास्थ्य सेवा, बाल स्वास्थ्य सेवा र साधारण उपचारको सेवा दिईने गरिएको जनस्वास्थ्य निरिक्षक लक्ष्मी गुरूङले बताइन ।

उनको अनुसार स्वास्थ्य चेकजाँच गरेपछि नि:शुल्क रूपमा औषधी पनि उपलब्ध गराइने छ । गाउँघरमै स्वास्थ्य सेवा पुऱ्याउन थालेपछि वडामा रहेको स्वास्थ्यचौकीमा आउने बिरामीको चाप कम भएको पतेनी आधारभूत स्वास्थ्यचौकीको इञ्चार्ज सुनिता श्रेष्ठले बताईन् । यसले स्वास्थ्य सेवाको पहुँच विस्तार हुने उनले बताईन् ।

जनतालाई गाउँघरमै सेवा दिने उद्देश्यले उक्त अभियान सञ्चालन गरिएको नगरप्रमुख बैकुण्ठ

बाँकी तेश्रो पेजमा

# सम्पादकीय .........

www.bhanjyangnews.com

## अलपत्र सडक

पृथ्वीराजमार्गको बैकल्पिक सडकका रुपमा लिइएको बुद्धसिंह मार्ग अलपत्र अवस्थामा छ । पोखराबाट पृथ्वीराजमार्ग हुँदै चितवन जोडिने छोटो मार्गको रुपमा यसलाई लिइएपनि अहिलेसम्म सडकको स्तरोन्नती हुन भने सकेको छैन। अहिले पृथ्वीराजमार्गको मुग्लिङ-पोखरा सडकखण्डलाई चार लेनमा विस्तार गर्ने कार्य चलिरहेको छ । सडक बिस्तारका क्रममा घण्टौंसम्म सवारी आवगमन रोकिने गर्दा विकल्पका रुपमा बुद्धसिंह मार्गको चर्चा चल्ने गरेको छ । तर, यो मार्गको अवस्था भने दयानीय छ । २०४८ सालमा सदमुकाम दमौलीबाट जिल्लाको दक्षिण भेग कछारका बासिन्दालाई सडकको पहुँचसंग जोड्ने उद्देश्यका साथ स्थानीयकै सक्रियतामा सडकको ट्र्याक खनिएको थियो । स्थानीयले कोदालो, गैची, बेल्चा जस्ता घरेलु औजार प्रयोग गरी मादीको किनारैकिनार ट्र्याक खोलेका थिए । स्थानीयकै लागत सहभागितामा बेलबासबाट सुडेसम्म करिव ९ किलोमिटर सडक बनाइएको थियो । २०५९ सालमा यस मार्गमा पहिलो पटक जीप चलेको थियो । अहिले ३४ किलोमिटर दुरीको मोटरमार्ग बनेको छ । सडक खनेको यति लामो समय बितिसक्दा पनि स्तरोन्नती नहुँदा स्थानीयले साँस्ति खेप्नु परेको छ। चुनावका समयमा राजनीतिक दलका नेताहरुको भाषणमा कालोपत्रे भइसकेको यो मार्गका उपभोक्ताहरू हिउँदमा धुलो र बर्खामा हिलोको साँस्ति झेल्दै आएका छन्। काम सुरु हुन नपाउँदै ठेकेदारहरू बजेट अभावले गर्दा कामलाई गति दिन सकिएन भन्ने गरेको छ ।

जिल्लाको कर्णालीको नामले परिचित कोटा, बैदी, छिपछिपे र धरमपानी, मार्स्दिघाट, नाल्दीपुल लगायतका गाउँबस्तिका बासिन्दालाई सडकसञ्जालसंग जोड्ने लक्ष्यका साथ साविकका गाउँविकास समिति र स्थानीय जनताको सक्रियतामा दमौलीदेखि घुमाउनेघाटसम्म कच्ची सडक बिस्तार गरिएको थियो । तर, हालसम्म यो सडकखण्डको स्तरोन्नतीका विषय नेताका भाषणमै सिमित बनेको छ । सडकको अवस्था भने थप दयानिया बन्दै गएको छ । पोखरा-डुम्रे-आँबुखैरेनी-मुग्लिङ हुँदै नारायणगढ जानुभन्दा दमौलीबाट बुद्धसिंह मार्ग हुँदै घुमाउने घाट निस्किएर नारायणगढ पुग्न करिब २४ किलोमिटर दुरी छोटो पर्छ। तर, बुद्धसिंह मार्गलाई मुग्लिङ-नारायणगढ सडकसंग जोड्न घुमाउने घाटमा पक्की पुल निर्माण कार्य पुरा हुन सकेको छैन । करिव १५ वर्षदेखि पुल निर्माणका विषयमा चर्चा चलेतापनि अझै काम पुरा हुन सकेको छैन । घुमाउनेको पुलसँगै ढाँडखोला, बखरखोला र भूतखोलामा गरी अन्य तीन वटा खोलामा ठुला पुल निर्माण गर्नुपर्ने हुन्छ । पुल निर्माणका लागि डिपिआर तयार गरियतापनि निर्माण प्रक्रियामा भने गएका छैनन्। गण्डकी प्रदेशलाई चितवनको नारायणगढसंग जोड्ने सबैभन्दा छोटो दूरी र पृथ्वीराजमार्गको बैकल्पिक सडकको रुपमा समेत लिइने बुद्धसिंह मार्गको स्तरोन्नतीमा सरोकारवाला निकायले ध्यान नदिदा धेरै सास्ती खेप्नुपरेको छ । पृथ्वीराजमार्गको बैकल्पिक सडकको रुपमा रहेको यो मार्गको समयमै स्तरोन्नती भए चितवन हुँदै अन्यत्र जाने यात्रुले जाम, धुलो, चिप्लो हुँदै जोखिमपुर्ण यात्रा गर्नु पर्दैन थियो । हिउँदमा मुस्किलले आधा दर्जन यात्रुबहाक सवारी साधान चल्छन् । तर, गन्तव्यमा नपुगिन्जेलसम्म यात्रा त्रासपूर्ण हुन्छ । हुने स्थानीय बताउँछन्। सडकको स्तरोन्नती र पहिरो रोकथामको काम नहुँदा बर्षायाम सुरु भएसँगै यस क्षेत्रमा पहिरोको जोखिम छ । यस मार्गमा व्यास नगरपालिका, बन्दिपुर, आँबुखैरेनी, देवघाट र ऋषिङ गाउँपालिका गरी पाँच पालिका जोडिएका छन् । उक्त सडकखण्ड ३३ महिनामित्र कालोपत्रे सम्पन्न गर्नुपर्ने गरी मैनाचुली सफल जेवि, काठमाडौंसंग सम्भौता भएपनि कामले गतिलिन सकेको छैन ।


द.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.न. २९१/०७३/०७४ पान नं. ६०९९११२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०८००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१ ०७५/७६ द.नं. १०१३/०७४/७५ पान नं. ६०६०३९१७०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, विसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-८, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई
Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००


### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्बुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँबुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँबु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६३१०२ | एम्बुलेन्स युवा क्लब भिमाद | ९८६११९८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१९११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५४११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

# सामुदायिक वनको इतिहास, संरक्षण र उपयोग

सामुदायिक वन दिवस । नेपालमार्फत सुरु भएको सामुदायिक वनको अवधारणा र यसबाट हासिल गरिएका उपलब्धिहरूका कारण वातावरण जगतमा नेपालको ख्याति बढ्दो छ । यो देशको लागि गौरवको विषय हो र यसले संरक्षण नीतिमा स्थानीयको सहभागिता अपरिहार्य रहेको बताएको छ । विश्वभर वन क्षेत्र मासिँदै गएको अवस्थामा नेपालले वनको संरक्षण संवर्द्धन र विस्तारमा पाएको सफलता सबैका लागि अनुकरणीय छ ।

सामुदायिक वनले समुदायलाई एकीकृत मात्रै गराएन, उनीहरूमा सामूहिक भावना पनि विकास गरायो । सामुदायिक वनले वनमा सहभागी उपभोक्ताहरूलाई प्रजातान्त्रिक प्रक्रियामा आबद्ध गराई वनको संरक्षण, विकास र व्यवस्थापनका लागि आवश्यक निर्णय प्रक्रियाको सहभागी हुने अवसर र प्रदान गरेको छ नै, आफ्नो क्षेत्रको सामाजिक, आर्थिक तथा शैक्षिक विकासका भौतिक पूर्वाधार र वातावरणीय पुँजी निर्माण गर्न उपभोक्ताहरूलाई स्वतःस्फूर्त सहभागी पनि बनाउँदै आइरहेको छ । नाङ्गा डाँडा पाखाहरूमा बिरुवा रोप्दै हरियाली बनाउने तथा घाँस दाउरा जस्ता दैनिक आवश्यकता पूर्ति गर्ने उद्देश्यसहित सञ्चालित सामुदायिक वनले हाल आएर पर्यटन प्रवर्द्धन, गरिबी निवारण, महिला जागरण, पिछडिएका समुदायलाई विभिन्न सीपमूलक तालिममा अग्रसर गराई आयआर्जनमा सक्षम बनाउने जस्ता कामहरु गरिरहेको छ । सामुदायिक वन मार्फत देशका विभिन्न ठाउँमा विद्यालय स्थापना, छात्रवृत्तिको व्यवस्था एवं व्यक्तित्व विकास, बाटोघाटोको निर्माण जस्ता कार्यहरु भइरहेका छन् । जैविक विविधताको संरक्षण, जल सम्पदाको संरक्षण, खनिज, इन्धनको स्रोतको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । स्थानीय जनताहरूको सक्रिय सहभागिताका कारण नेपाल वातावरणीय सन्तुलनमा अब्बल त भएको छ नै, स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने हैसियतमा उक्लिसकेको छ।

**वनको इतिहास :**

प्राचीन समयमा मानव जाति वन क्षेत्रमा नै बस्दथे । वनकै बोक्राको लुगा लगाउने गर्दथे र कन्दमूल खान्थे। सो समयमा मानव पुर्खाहरूले तपोवन, गौचरण, रानीवन, गुठी, पानीको मूल संरक्षण आदि कार्यबाट वन व्यवस्थापन गरेको पाइन्छ। वन व्यवस्थापनबारे वेद, उपनिषद्, दिव्योपदेश तथा आचार्य कौटिल्यको अर्थशास्त्रमा प्रशस्त वर्णनहरु भेटिन्छन् । हिन्दु दर्शनले वनलाई श्रीवन (समृद्धिसँग जोडिएको), तपोवन (सत्य प्राप्तिसँग जोडिएको) र महावन (घना वन) भनी वर्गीकरण गरेको देखिन्छ । लसी, पिपल, कुश आदि वन पैदावारहरूको उच्च महत्व देख्न पाइन्छ । स्वामी, बोधि वृक्ष बौद्ध धर्मसँग जोडिएका छन्। यस समयमा प्रशस्त वन क्षेत्र हुनु एवं जनसत्या कम हुनाका कारण वनक्षेत्र या वन पैदावारको उपभोगमा कुनै रोकटोक र सीमाबन्दी नभएको एवं वन क्षेत्रमाथिको निजी स्वामित्व र हकबन्दी अभ्यासमै नआएको देखिन्छ । यसैले त धर्मग्रन्थ एवं पौराणिक कथनहरूमा वनक्षेत्र वन खाद्य सुरक्षा, परम्परागत ज्ञानको भण्डार, भाषा-संस्कृतिको रक्षकको रूपमा पनि चित्राङ्कित छ।

नेपालको हकमा कुरा गर्नुपर्दा, नेपालको राष्ट्रिय एकीकरण अभियानको थालनी भएसँगै एकीकरणकर्ता राजा पृथ्वीनारायण शाहले आफूले जितेका विभिन्न राजा रजौटाहरूलाई खुसी पार्न अन्य स्रोत सहित वनक्षेत्रहरू पनि उनीहरूलाई बकस र बिर्ताको रूपमा प्रदान गरेको पाइन्छ। अझ, लडाइँको क्रममा विशिष्ट योगदान दिने सेनाका नायक र सेनाहरूलाई जागिरकै रूपमा वन क्षेत्र प्राप्त थियो। नेपालको जडीबुटी लगायतको वन स्रोतलाई बिक्री गरी विदेशी मुद्रा कमाउने अर्थमा पनि उनका भनाइहरु रहेको पाइन्छ। त्यस अधिसम्म नेपालका वन सबैको र साझा थियो भन्ने संकेतहरु पाइन्छन् । राम शाहको पालामा कुलो तथा पानी मुहानको रुख बिरुवा जोगाउनु भन्ने उद्घोषहरु पाइन्छ ।

यसपछि, राणा शासनकालमा वनक्षेत्र माथिको व्यक्तिगत स्वामित्व र हस्तक्षेप अझ तीव्र रूपमा बढेको प्रष्ट ऐतिहासिक प्रमाणहरु देखिन्छन् । राणाहरु आफैले तत्कालीन ब्रिटिस भारतीय सरकारलाई इन्डियामा रेलको लिक ओछ्याउने कामका लागी तराईका गुणस्तरीय सालका काठहरु बेचेर निजी पुँजी निर्माण गरी सुखसुविधाको भोगचलनमा मस्त थिए। राणा शासकले परिवर्तनकामी देखिनका लागि आ-आफ्नो नोकरचाकरलाई उन्मुक्ति दिई हाल्को बारा जिल्लाको अमलेखगन्जमा पठाएको एउटा उदाहरण भयो । यसको मूल रहस्य भनेको उक्त ठाउँमा रहेका बहुमूल्य सालका रुखहरु काटी भारततर्फ बेच्नु थियो। तसर्थः वन क्षेत्रलाई आफ्ना आसेपासेहरूलाई किपट, बिर्ता, जागिर र छोरी बेटीहरुलाई दाइजोको रूपमा वितरण गर्ने कार्यहरु राणाकालमा संस्थागत हुन् पुगेका भन्दा अतिशयोक्तिपूर्ण हुँदैन । यसकारण वनको उपभोग कसरी गर्ने, कटानी कसरी गर्नेजस्ता विषय उनीहरूकै हुकुम प्रमाङ्गी शैलीबाट हुने गरेको पाइन्छ । १९ औं शताब्दीमा नेपालको सम्पूर्ण वन क्षेत्र राणा शासनको नियन्त्रणमा थियो भन्न मिल्छ ।

**सामुदायिक वनको ऐतिहासिक पृष्ठभूमि**

सन् १९०० को दशकमा पर्वतीय क्षेत्रमा भइरहेको प्राकृतिक स्रोतको दोहन बढिरहेको र तत्काल संरक्षण गर्नुपर्ने भनेर पश्चिमाहरु चासो देखाएको पाइन्छ । पञ्चायती वन र पञ्चायत संरक्षित वनको अवधारणा सोही चासोको प्रतिफुल हुन्, जसलाई पछ्याउदै पछी सामुदायिक वन, कबुलियती वन, साझेदारी वन जस्ता वन व्यवस्थापन पद्दतिहरु प्रचलित भए, जसमा सामुदायिक वन पद्धति सर्वप्रचलित र नेपालको माटो सुहाउँदो देखियो, जसले सोहीप्रकारको नतिजा पनि दियो ।

सामुदायिक वनको ऐतिहासिक पृष्ठभूमिलाई सरसर्ती हेर्दा, वि.सं. २०३० तिर नेपालको वन क्षेत्रको चरम विनाश देशको लागि मात्रै नभई विश्वकै लागि एक समस्या बन्न पुग्यो । यो समस्याको समाधान गर्नका लागि वि.स. २०४१ सालमा वन विकास गुरुयोजना तयार गर्ने कार्यदल गठन गरी वि.स. २०४४ सालमा वन सम्बन्धी राष्ट्रिय गोष्ठी आयोजना र सो गोष्ठीले वन क्षेत्रको संरक्षण तथा विकास गर्नका लागि वन क्षेत्र वरिपरि रहेका स्थानीय समुदायलाई जिम्मेवार बनाउने अवधारणाको विकास गर्यो । सोही आधारमा कार्यदलले विभिन्न स्तरमा परामर्श गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको अपरिहार्यता महसुस गरी वन विकास गुरुयोजना तयार गरेको हो । सँगसँगै, राष्ट्रिय वन योजना २०३३, सोको आधारमा २०३५ सालमा पञ्चायत वन र पञ्चायत संरक्षित वन नियमावलीलाई वनको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय निकायलाई सुम्पने प्रक्रिया सुरु भएको पनि ऐतिहासिक स्रोतहरु पनि भेटिन्छ ।

अन्ततः वन विकास गुरुयोजना २०४५ ले सामुदायिक वन कार्यक्रमलाई प्राथमिकता दियो, तत्कालीन सरकारले वि.सं. २०४६ मा २१ वर्षको लागि वन विकास गुरुयोजनालाई आधिकारिकता दियो । यसै गरी, वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वन उपभोक्ता समूहलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा स्थापित गरी वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मा पाइन्छ । यस्ता नीतिगत दस्तावेज एवं सरकारी प्रयासका कारण स्थानीय जनताको सहभागिता सहित सामुदायिक वन विकास कार्यक्रमले बढावा पाएको देखिन्छ । यो सब प्रक्रियामा एउटा उल्लेखनीय पाटो के छ भने सरकारले एक्लै वन जोगाउँछु भन्न सकेन र स्थानीय समुदायको साथ लियो । 'वन मेरो हो, म जोगाउँछु' भन्ने सामूहिक स्वर मुखरित हुनाले नै सामुदायिक वनको अवधारणा यति फराक हुन् पुगेको हो र सरकार विश्वस्त पनि भएको हो । सरकारले समुदायलाई विश्वास गरेको यो एउटा अद्भुत दृश्य पनि हो । सरकारले नचाहेको भए, यो अवधारणा विकसित हुने पाउँथेन कि भन्ने पनि लाग्छ ।

> सामुदायिक वनमार्फत महिला संलग्नता एवं सशक्तीकरण त भयो नै, तर सामुदायिक वन नीतिबाट युवाहरू वञ्चित छन् । विडम्बना, क्यानडा गएर कुरिलो टिप्ने युवाहरूलाई हाम्रै जङ्गलमा निहुरो टिप्न आकर्षित गर्न सकिएको छैन ।


भारती पाठक

**सामुदायिक वनः संरक्षण र उपयोग**

वन सिद्धिन लागेकाले वन ऐन-२०४९ मा उपयोग गर्ने नीतिहरु राखिएन, संरक्षणलाई मात्रै ध्यान दिइयो । घाँस दाउरा, पत्कर, सोत्तर आदि आवश्यकताहरु पूर्तिहरु गर्ने भन्ने शब्दहरु त्यसमा मात्रै परेका छन् । त्यतिबेला त्यो आवश्यक पनि थियो किनभने ध्वस्त भएको बेला संरक्षणलाई प्राथमिकता दिनुपर्थ्यो, दिइयो । संरक्षणको पाटो मजबुत भयो, व्यवस्थापनको पाटो कमजोर भयो । कानुनले पनि यस कुरालाई बोलेन । नबोलेकै कारण हामीले वन ऐन-२०७६ लाई परिमार्जन गर्ने बेला 'सामुदायिक वन संरक्षण पनि हो, व्यवस्थापन पनि हो' भन्यौं । वनलाई आर्थिक विकाससँग मात्र हेरिनु हुँदैन नै तर, आर्थिक विकास पनि एक पाटो भएको तथ्यलाई बिर्सनु हुँदैन । मुख्यतः जनताको आवश्यकता पुरा हुनुपर्छ । रगत-पसिना बगाएर हुर्काएको वनबाट उसको घर बनाउने आवश्यकता पुरा

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सहयोग गर्नेहरु कमै भेटिनेछन् अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,वे,वो)
आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
अरुलाई प्रभावित पारेर काम बनाउने समय छ । तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
स्वास्थ्यका लागि औषधि जोहो गर्नुपर्ला । अरुको विश्वास गर्दा काम रोकिन सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार हातलागी होला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
सञ्चित रकम खर्चनुपर्ला। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउला ।

**वृश्चिक** (तो,ना,नी,नु,ने,नो,या,यी,यू)
विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पधीहरूलाई पछि पार्न सकिनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइनेछ । मिहिनेत गर्दा राम्रै फाइदा हुनेछ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
आँटेको काम तत्काल बन्नेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

# सामुदायिक वनको इतिहास, .....

हुनुपर्छ, उसको सुत्ने खाटको आवश्यकता पुरा हुनुपर्छ । उसलाई बाल्न दाउरा चाहिन्छ, त्यो आवश्यकता परिपूर्ति हुनुपर्छ । यो पक्का कुरा छ कि वन स्रोत बिना नेपाली समाज, खास गरी ग्रामीण समाजको कल्पना पनि गर्न सकिँदैन। यसको प्रमुख कारण भनेको ग्रामीण समाजको जीविकोपार्जनको एक प्रमुख आधार भनेको वरिपरि रहेको वन क्षेत्रमा पाइने स्रोतहरु हुनु हो ।

दाउराकै कुरा गर्दा, सबै ठाउँमा दाउरा बन्द भएको छैन । धार्मिक कार्यहरुमा आज पनि दाउरा अत्यावश्यक छ । परम्परागत सांस्कृतिक आवश्यकताहरुले एलपी ग्यासलाई आज पनि स्थान दिँदैन । रक्सी पार्ने समुदायले आज पनि ग्यास बालेर रक्सी पार्दैन । गाईभैंसी पाल्नेहरुलाई आज पनि कुँडो पकाउन दाउरा नै चाहिन्छ, ग्यासमा पकाउँदैन। एलपी ग्यास प्रविधि हो, तर दाउरा प्रयोग गर्ने चलन विस्थापित हुन्छ भन्ने होइन । नेपाली समाजमा दाउरामा पकाएको खाने तर ग्यासमा पकाएको नखाने समुदाय पनि छ । कुरा दाउराको मात्रै होइन, वन स्रोतका विभिन्न आयामहरु आधुनिक जीवनशैली र प्रविधिका कारण विस्थापित भइहाल्दैन। धार्मिक, सांस्कृतिक रुपमा वनजंगलको प्रत्यक्ष सम्बन्ध आज पनि भत्किएको छैन, केही कमी आयो होला तर, सम्बन्ध विच्छेदको अवस्था आइसकेको छैन। वन मानिसको जीवन पद्धति हो भन्ने कुरालाई बिर्सिएर फगत काठ दाउरासँग मात्रै तुलना गरिनु जायज कुरा होइन । उचित वन व्यवस्थापन नीतिमार्फत माटो, भूगोल, वनक्षेत्र आसपासका मानव तथा अन्य पशुपक्षीको आवश्यकता र चाहनालाई उचित तवरले सम्बोधन हुन् जान्छ, अबको हाम्रो दिशा त्यसतर्फ हुनुपर्दछ।

**अबको कार्यदिशाः**

समुदायले व्यवस्थापन गरेको हिसाबले नेपालको वन उदाहरण भएको हो। तर, जंगलले जति ढाकिएको भए पनि जंगलबाट उत्पादनको लाभ लिन सकेको छैन। सामुदायिक वनले राजतान्त्रिक मुलुकमा गणतान्त्रिक अभ्यास गऱ्यो। वार्षिक परियोजना बनाउने, सार्वजनिक सुनुवाइ गर्ने जस्ता राम्रा प्रक्रियाहरु सुरू भए । तर, यो सबै राम्रा अभ्यासहरु भइरहँदा पनि वन पैदावारलाई व्यवस्थापन गर्न सकिएन। नेपालमा राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रमा वर्गीकरण गरिएको छ, जहाँ द्वन्द्व व्यवस्थापन लगायतका आफ्नै खाले समस्याहरु सतहमा आइरहेका छन् । जब बाहिरको वन अर्थात् सामुदायिक वनको कुरा आउँछ, यसलाई संरक्षणमुखी र उत्पादनमुखी वन भनेर वर्गीकरण गरेर व्यवस्थापन नगरुन्जेल वनबाट उत्पादन हुँदैन । भएका काठ कुहिने, व्यवस्थापनमा झमेला आउने समस्या दिनानुदिन बढ्दै जानेछन् । जैविक विविधताको प्रचुर सम्भावना भएको हाम्रो मुलुकमा वन विज्ञान अत्यावश्यक कुरा भइसकेको छ। जनतालाई आत्मनिर्भर र राज्यलाई समृद्ध बनाउनको लागि वनमा आधारित उद्यमलाई प्राथमिकता दिनु र वन विज्ञानलाई आत्मसात् गर्नु आजको टड्कारो आवश्यकताको रुपमा देखिएको छ । नर्सरीमा उत्पादन गर्ने बिरूवादेखि लिएर वन जङ्गलको संरक्षण, हेरचाह, उपयोगितालगायत वनसम्बन्धी सम्पूर्ण अध्ययन वन विज्ञान हो ।

अर्को कुरा, जंगल छ भने पछि सधैं दाउरा, पत्कर मात्रै निकाल्ने होइन। त्यहाँ भएका काठजन्य पैदावार झिक्नुपर्छ। जडीबुटीको व्यवस्थापन एवं पर्यापर्यटनको व्यवस्थापन र रोजगारी सिर्जनाको अवसरहरु अझै पनि खुल्न सकेका छैनन् । एक अध्ययनका अनुसार वार्षिक १५ करोड क्युब फिट काठ नेपालमा जङ्गलबाट निस्किने गर्दछन्। जनताको नेतृत्वमा, समुदायको अग्रसरतामा उमेर पुगेका वन पैदावार निकाल्ने, ढलेका काठ निकाल्नु आजको आवश्यकता हो । सामुदायिक वनबाट काठ बेच्ने र घरायसी प्रयोजनमा खर्चिने मात्रै होइन, काठ र जडीबुटीको प्रशोधन तत्काल थालिनुपर्दछ । फर्निचर उद्योग, सःमिल, गाउँमै हस्ताकला सामाग्री उत्पादन एवं बजारीकरणका जस्ता कार्यहरु थालिनुपर्छ । वनका पतकरलाई मल उत्पादनसँग जोड्न सकिन्छ । समुदायले वन संरक्षण र व्यवस्थापन गरे पनि आम्दानीको स्रोत विकास गर्न सकिरहेको छैन । जडीबुटी प्रशोधन केन्द्रको विस्तार, रूखको व्यवसायीकरण र पर्यापर्यटन प्रवर्द्धनबाट वैज्ञानिक वन व्यवस्थापन हुनेछ । वनबाट नयाँ सम्भावनाको खोजी गर्ने कार्यहरुको यथाशीघ्र थालनी सामुदायिक वनको अबको कार्यदिशा हुनुपर्दछ ।

**सामुदायिक वनप्रति सरकारी उदासीनता र नियन्त्रण**

एउटा उदाहरणबाट कुरा सुरू गरौं, राज्यले सामुदायिक वनद्वारा उत्पादित बेल जुसलाई प्रशय नदिएर कोकाकोलालाई ब्रान्डिङ गरिरहेको छ । अहिले बोतलमा निस्किएका बेल जुसलाई फ्रुटी सरह बजारमा ल्याउन सरकार तयार हुनुपर्छ । कोकाकोला जस्तो विषाक्त वस्तुलाई राज्यले प्रमोट गरेको देखिन्छ । अहिलेसम्म कहीँ कतैबाट बेल जुसको विज्ञापन भएको देख्न पाइँदैन । यो सरकारी उदासीनता नै त हो ।

वन व्यवस्थापनको प्रमुख चुनौती भनेको सरकारी सोच नै हो । जुनसुकै सरकार होस्, उनीहरुमा वनमाथिको आफ्नो नियन्त्रण कायम राख्ने दाउपेचमा घटबढ भएको छैन । पछिल्लो समय सामुदायिक वन उपभोक्ताहरुले चर्काइरहेको तेहरो कर विरूद्धको आन्दोलन सोही अन्यायको विरोधमा हो । सरकारले कर उठाउने तर श्रोत बढाउन मदन नगर्ने हो भने बढाइएको कर निमुखा उपभोक्ता प्रति अन्याय हुनेछ। सरकारले सामुदायिक वनलाई 'वन संरक्षक वा वन पाले' को रुपमा हेरिरहेको छ, जबकि सामुदायिक वन अभियानमा सेवा प्रदायको प्रभावकारी भूमिका हो । वन संरक्षणमार्फत वातावरणको जगेर्ना, जैविक विविधता, पर्यापर्यटन, वन्यजन्तुको संरक्षण स्थानीयको भूमिका निरन्तर गर्नु भनेको छ राज्यले खेल्नुपर्ने भूमिका समुदायले निर्वाह गर्नु भन्ने हो । सामुदायिक वन जस्तो एक लोकतान्त्रिक अभ्यासमाथि राज्यले खेलाँची गर्नु वनस्रोत स्रोतमाथिको पहुँच र नियन्त्रणमा स्वार्थ समूहको उपस्थिति बढ्दै गएको संकेत समेत हो ।

**सामुदायिक वनलाई युवासँग जोड्नुपर्छ**

सामुदायिक वनमार्फत महिला संलग्नता एवं सशक्तीकरण त भयो नै, तर सामुदायिक वन नीतिबाट युवाहरु वञ्चित छन् । विडम्बना, क्यानडा गएर कुरिलो टिप्ने युवाहरुलाई हाम्रै जङ्गलमा निहुरो टिप्न आकर्षित गर्न सकिएको छैन । आज युवाहरु नेपालमा सम्भावना नदेखेर बिदेसिएका हुन् । हाम्रै वन स्रोतबाट एउटा युवाले मासिक ४० हजार आम्दानी गर्न सकेको खण्डमा ऊ मलेसिया जाँदैन। वन स्रोत व्यवस्थापनको उचित प्रबन्ध मिलाउने सक्ने हामी हाम्रा युवालाई २-४ लाख सम्म मासिक तलब दिन सक्छौं । वनस्रोतमार्फत युवालाई आकर्षित गर्न/गराउनतर्फ राज्य तयार हुनुपर्छ। युवाले वनमा सम्भावना देख्ने वातावरण निर्माण गर्नुपर्छ । मुलुकले बेहोरिरहेको अकाट्यजस्तो देखिएको बेरोजगारीको समस्यालाई नेपालको वनस्रोत समुचित व्यवस्थापनले सम्बोधन गर्न सक्दछ । सामुदायिक वनले पनि युवालाई आकर्षित गर्ने/गराउने सवालमा सरकारलाई सघाउनुपर्छ ।

महिलाबाट सुरू गरेर दलित, आदिवासी, जनजातिको मौलिक हक र अधिकार सुनिश्चितताबारे बोलिरहेको सामुदायिक वनले युवाको हक र अधिकारबारे बोलेर उनीहरुलाई आकर्षित गर्ने समय आइसकेको छ। जसका लागि, पाठ्यक्रममा वनबाट उत्पादनसँग जोडिएका नवउद्यमीहरुको प्रेरक कथा पढाउन सकिन्छ । यसप्रकारका अभ्यासबाट देश छोड्न लागेको एक युवाले अन्य क्षेत्रमा सम्भावना नदेखे पनि मेरो देशको वन क्षेत्रमा भविष्य छ है भन्ने देख्नेछ । नेपालको हकमा 'नेपाली वन सुनको थाली हो', तर युवाले त्यो देख्न सकेको छैन । यसर्थ, हाम्रा पाठ्यक्रमहरुले वन क्षेत्रमा सम्भावनाहरु प्रस्ट पार्ने बेला भएको छ । युवाले जङ्गलमा पैसा देखोस्, कृषिमा पैसा देखोस् । त्यो हामीले बनाउनुपर्छ ।

**अन्त्यमा,**

सामुदायिक वन दिवस काठमाडौंमा मनाउनु ठुलो कुरा होइन। हामी स्थानीय समाज र युवाहरुसम्म पुग्न सकेका छैनौं । त्यो काम यस दिवसमार्फत होस् र आगामी दिवसहरुले त्यसलाई पछ्याउन् । यस दिवसले उपभोक्ताको उपस्थिति र निर्णयमा रही वन स्रोतलाई अधिकतम उपयोग गर्ने, पारदर्शिता अपनाउने र वन स्रोतमा युवालाई आकर्षित गराउने कार्यक्रम एवं योजनाहरु सञ्चालन गरोस् । सामुदायिक वन दिवस-२०८० को शुभकामना ! रातोपाटीबाट

*(बागमती प्रदेशकी सांसद तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालकी निवर्तमान अध्यक्ष भारती पाठक नेकपा एमालेको वन तथा वातावरण विभागको प्रमुख समेत हुन्।)*

# एउटै सवारी साधनमा विपरीत लिङ्गीलाई बस्न निषेध !

**रासस/एएफपी/इन्डोनेसिया**

इन्डोनेसियाको अति-रूढिवादी आचे प्रान्तका अधिकारीहरूले विपरीत लिङ्गीलाई एउटै सवारी साधनमा बस्न नपाइने आदेश जारी गरेका छन् । पारिवारिक सम्बन्ध नभएका पुरूष र महिला तथा विशेष गरी विवाह नगरेका विपरीत लिङ्गीलाई सवारी साधन र सार्वजनिक स्थानमा अलग्गै बस्न आदेश दिएका हुन् । स्थानीय सरकारले उक्त आदेश कडाइका साथ कार्यान्वयन गरिने बताउँदै त्यसको पूर्णपालना गर्न सम्बद्ध सबैलाई निर्देशन दिएको छ ।

एकान्त, सार्वजनिक र सवारी साधानमा विवाह नगरेका नारीपुरूष बस्न नपाइने परिपत्र गत साता जारी गरिएको हो । दैनिक जीवनमा इस्लामिक मूल्य मान्यता पालन गराउने प्रयासस्वरूप उक्त आदेश जारी गरिएको आचे सरकारका प्रवक्ता मुहम्मद एमटीएले बताएका छन्। इस्लामिक धर्मगुरूहरूसँगको परामर्शपछि उक्त आदेश जारी गरिएको उनले स्पष्ट गरेका छन्।

सुमात्रा टापुको उत्तरी छेउमा अवस्थित आचे इस्लामिक कानून लागू गर्ने विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको मुस्लिम बहुल देशको एक मात्र प्रान्त हो । व्यापक आलोचनाको बाबजुद उक्त आदेश कार्यान्वयनको प्रयास भएको छ । जकार्ताले दिएको व्यापक स्वायत्तताअन्तर्गत शरिया कानुन भएको आचेमा जुवा खेल्ने, मदिरा सेवन गर्ने र विवाह बाहिर पनि सम्बन्ध राख्नेलगायतका अपराधमा सार्वजनिकरुपमा कोर्रा हानिन्छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

# व्यासमा गाउँघर ...........

न्यौपानले बताए । 'गाउँघरका महिलाले पुरूष चिकित्सक, स्वास्थ्यकर्मीसँग खुलेर आफ्नो स्वास्थ्य समस्या नराख्ने भएकाले यस कार्यक्रममा महिला टिम नै खटाईएको छ', उनले भने, 'महिलाले खुलेर स्वास्थ्य समस्या राखुन भनेर महिला चिकित्सक, स्वास्थ्यकर्मीको टोली नै खटाएका छौं । उनीहरूसँग महिलाले खुलेर आफ्नो स्वास्थ्य समस्या बताउन सक्छन् ।' कार्यक्रम मार्फत चिकित्सकहरू नै घरदैलोमा पुगेर गर्भवती जाँच, सुगर, ब्लड प्रेसरको नियमित चेकजाँच सेवा दिने भएकाले ग्रामीण भेगका जनताले यी सेवाका लागि दमौली आईरहनु पर्ने बाध्यता हटेको छ ।

# राष्ट्रनिर्माता ....

विषयमा विवाद भएको भन्ने छ । त्यो विषयमा पनि विगतमा भएको सहमतिले पनि समेट्छ भन्ने लाग्छ', उनले भने, 'सालिक व्यवस्थापनको मुख्य रूपमा पोखरा महानगरपालिकाको हो र यसलाई व्यवस्थापन गर्ने विषयमा जिप्रका पनि सहायक भूमिकामा तयार छ।'

शान्ति सुरक्षा बिग्रन नदिने प्रजिअ घिमिरेले उल्लेख गरे । 'सालिक विवादकै कारण पोखराको शान्ति, सुरक्षा र सद्भाव बिग्रनु हुँदैन भन्ने कुरामा हामी सचेत छौं । शान्ति सुरक्षा बिग्रन हामी दिँदैनौं', उनले भने । नेपालप्रेसबाट

## स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

**साउन २७ गते शनिबार**

१) पोखरा मणिपाल र ॐ हस्पिटलका वरिष्ठ यौनरोग, छालारोग तथा कुष्ठरोग विशेषज्ञ **डा विनम्र बस्नेत**द्वारा शरीर चिलाउने, लामो समयदेखि दाद आएर सन्चो नभएको, अनुहारमा डण्डीफोर आउने, चाया-पोतो आउने, यौन सम्बन्धी लक्षणहरू देखा पर्ने, यौनङ्गबाट पिप बग्ने, यौन इच्छामा कमी आउने इत्यादि समस्याहरूको परीक्षण

**हाम्रा उपलब्ध सेवाहरू :**

१) **डा. सुशिल बिक**द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## डुम्रे बचत तथा ऋण सहकारी संस्था लि.

**बन्दिपुर-१, डुम्रेबजार, तनहुँ**

**ऋणी सदस्यलाई ऋण चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्त जरूरी सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८०/०४/२६*

डुम्रे बचत तथा ऋण सहकारी संस्था लि. बन्दिपुर १, डुम्रेबजार तनहुँबाट डुम्रे बजार स्थित फरनाज कस्मेटिक कलेक्सन ब्यापार (प्रो. जनिफा मियाँ) बिस्तारको उद्देश्य देखाई तपशिलमा उल्लेखित ब्यहोराको ब्यक्तिले लिएको ऋण कारोवार बारम्बार संस्थाको मौखिक तथा लिखित सुचना गर्दा समेत ऋण चुक्ता नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र संस्थामा सम्पर्क गरी सम्पुर्ण साँवा तथा ऋण चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य दस्तुर समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्वन्धित ऋणी तथा जग्गा धनिलाई यसै सुचनाद्वारा जानाकारी गराईन्छ । अन्यथा संस्थाले ऋणीलाई कालोसुचिमा राखी गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५ मा ब्यवस्था भए अनुसार संस्थाले धितोबन्धक पास गरी उक्त ऋण सुरक्षणको लागि लिएको तपशित अनुसारको घर/जग्गा लिलामबिक्रि गरी ऋणको साँवा, ब्याज, हर्जना र लिलामी प्रक्रियामा हुने अन्य खर्च समेत असुली गरिने छ । साथै उक्त धितोबाट संस्थाले लिने रकम असुल नभएमा सहकारी ऐन २०७५ को दफा ६७ बमोजिम नीजको तथा नीजको एकाघरको आवश्यक भए धन जमानत साक्षीको समेत अधिराज्य भरीको चल अचल सम्पत्ति रोक्का राखी लिलामी प्रक्रियाबाट नियम अनुसार उक्त रकम असुल गरी लिन सक्ने ब्यहोरा यसै सूचना मार्फत जानाकारी गरिन्छ ।

**तपशिल**

| क्र.सं. | सदस्यता नं. | कर्जा शिर्षक र कर्जा नं. | ऋणीको बिवरण | धितो सम्पत्तीको बिवरण | मिति २०८०/५/२८ गते सम्ममा बुझाउने हिसाव |
|---|---|---|---|---|---|
| १ | २४११ | ब्यवसायिक कर्जा कर्जा नं. ६०००३७१ | उमेरदिनको नाती समसुदिन मियाको छोरा ऋणी **श्री जेर महमद मियाँ,** हालको ठेगाना भुन-१ तनहुँ (स्थायी ठेगाना सतिस्वाँरा-३, तनहुँ, ना.प्र.नं. ७४५ जि. प्रशासन का. तनहुँबाट मिति २०४३/०७/०५ मा जारी) | तनहुँ सम्जुर छाप नक्शा नं. ४/क कि.नं. १५० को क्षेत्रफल २-१२-३-० नक्सा नं. ४/क कि.नं. १५३ को क्षेत्रफल २-१३-३-१ | सावाँ रू १४,१०,७५०/- ब्याज रू ३,१९,२७४/- हर्जना रू, १६,८३४/- जम्मा १७,४६,८५८/- (अक्षेरुपी सत्र लाख छयालिस हजार आठ सय चौतिस रूपैयाँ मात्र) |

**धन जमानत साक्षीमा**

१) सतिश्वाँरा-५ तनहुँ, ना.प्र. नं. ८२४९७ की हाल भानु-१ तनहुँ बस्ने रजमुन मियाँ
२) सतिश्वाँरा-३ तनहुँ ना.प्र. नं. ३३८ की हाल भानु-१ तनहुँ बस्ने जनिफा मियाँ
३) भानु-१३ तनहुँ ना.प्र. नं. ४३१०२४/१०३ की हाल भानु-१ तनहुँ बस्ने सबिला खातुन मियाँ

## शुक्लागण्डी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

दुलेगौंडा, तनहुँ । गण्डकी प्रदेश

**फोहोरमैला ब्यबस्थापन सम्बन्धी प्राबिधिक तथा आर्थिक प्रस्ताब पेश गर्ने सम्वन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८०/०४/२६*

नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन कार्यका लागि फोहोरमैला व्यवस्थापन चक्र अन्तर्गत फोहोर संकलन, ढुवानी तथा वर्गीकरण र अन्तिम व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन ऐन सम्बन्धित नियमावली तथा र यससंग (संशोधन सहित) २०६८, प्रचलित कानुनको अधिनमा रही नगरपालिकाको सरसफाई केन्द्रमा पूर्वाधार निर्माणको कार्यहरू सार्वजनिक निकायबाट हुने गरी र सफाई शुल्क संकलन, वर्गीकरण, ढुवानी, फोहोर संकलन, फोहोर बिक्री तथा अन्तिम व्यवस्थापन तथा फोहोरमैला सम्बन्धित अन्य आर्थिक तथा प्राविधिक पक्षको व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिमको दफा १५ (संशोधन सहित) फोहोरमैला व्यवस्थापन कार्य गर्न इच्छुक नीजि कम्पनी वा सामुदायिक संघ संस्थाहरूले शुक्लागण्डकी नगरपालिकाबाट स्वीकृत कार्यसूची (TOR) बमोजिम हुने गरी प्रथम पटक प्रकाशित मितिले ३१औं दिनको दिन (मिति : २०८०/०५/२४ गते) दिनको १२:०० बजे भित्र नगरपालिका आइपुग्ने गरी छुट्टाछुट्टै सिलबन्दी भएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी कार्यसूचि (TOR) नगरपालिका कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**कार्यालय परिसरमा हरियाली** : तनहुँको घिरिङ गाउँपालिकाको कार्यालय परिसरमा फूल तथा दुबो रोपण गरी हरियाली बनाइदै । गाउँपालिकाले कार्यालय परिसरलाई हरियाली बनाउन विभिन्न प्रजातिका बोटविरूवा तथा फूल रोपण गरेको छ । *तस्विर : भञ्ज्याङ*

# चुँदीरम्घालाई साहित्यिक पर्यटकीयस्थल बनाउन पहल

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाली भाषाका धरोहर आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक पर्यटकीयस्थल बनाउन स्थानीयले पहल थालेका छन् । भानु नगरपालिका-४ स्थित चुँदीरम्घा ओझेलमा परेपछि यसको प्रचारप्रसारमा स्थानीय जुटेका हुन् । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यसँग सम्बद्धस्थलको पुनः निर्माण, खोज/अनुसन्धान, प्रवर्द्धन तथा प्रचारप्रसार गरी साहित्यिक पर्यटकीयस्थल बनाउने उद्देश्यले स्थानीयबीच प्रारम्भिक चरणको छलफल सम्पन्न भएको छ । 'चुँदी रम्घा बनाऔँ' अभियान अन्तर्गत भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शंकर रानाभाट लगायतको सहभागितामा आयोजित छलफलले आदिकविको जन्मस्थललाई साहित्यिक पर्यटकीयस्थल बनाउने अभियानमा सबैको साथ र सहयोग आवश्यक रहेको निष्कर्ष निकालेको छ।

भानुजयन्तीका दिन मात्रै यस ठाउँको खोजी हुने गरेकामा अब वर्षभरी यहाँको चर्चा हुने/गराउने अभियान सञ्चालन गरी प्रचारप्रसार, पुनःनिर्माणलगायत काममा यहाँका स्थानीय जुटेका अभियान्ता सन्देश आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेको महसुस भएपछि स्थानीय एकजुट भएर यसको प्रचारप्रसारमा जुटेका हौँ ।"

अभियान्ता आचार्यले विसं २०७८ भदौ ७ गतेदेखि 'चुँदी रम्घा बनाऔँ'अभियान सञ्चालन गर्दै आउनुभएको छ । उहाँका अनुसार यस अभियानअन्तर्गत भानु स्मारकको संरक्षण, सम्बर्द्धन एवं पुनःनिर्माणको तयारी गरिएको छ । स्थानीय, प्रदेश र सङ्घ सरकारसँग सहकार्य गरी थप योजना बनाइने स्थानीय राजीव श्रेष्ठले बताउनुभयो । "चुँदी रम्घालाई साहित्यिक एवं पर्यटकीय थलोको रूपमा विकास गर्नका लागि केही पहलकदमी अगाडि बढाएका हौँ", उहाँले भन्नुभयो, "पहिलो चरणमा भानु स्मारकको काम हुनेछ । त्यसका लागि सबैको सहयोग आवश्यक छ।"

छलफलमा स्थानीय ज्येष्ठ नागरिक हरिनाथ आचार्यले सबैको ऐक्यबद्धताले भानु जन्मथलो पर्यटकीयस्थलको रूपमा विकास हुने बताउनुभयो । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले यस अभियानमा नगरपालिकाको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।

समितिका कार्यकारी निर्देशक रानाभाटले शिखरकटेरीमा यसै वर्ष भानुघरको पुनःनिर्माण सुरू गरिने जानकारी दिनुभयो। घर पुनःनिर्माणका लागि बजेटको सुनिश्चित नभए पनि समितिकै आन्तरिक कोषबाट काम सुरू गरिने रानाभाटको भनाइ थियो। "कंक्रिटको घर बनाउन नसकिए पनि ढुङ्गा, माटोको घर निर्माणका लागि काम सुरू हुन्छ", उहाँले भन्नुभयो, "नगरपालिका, प्रदेश र संघ सरकारलाई पनि यस कार्यमा सहयोगका लागि अपिल गर्छौं ।"

पश्चिमाञ्चल विकास मञ्चले भानु गृहनिर्माणका लागि विसं २०७३ चैत २२ मा शिलान्यास गरेको थियो। मञ्चले हालसम्म गृहनिर्माण नगरेपछि समितिले पुनःनिर्माण गर्ने तयारी गरेको कार्यकारी निर्देशक रानाभाटले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विकास मञ्चको भर पर्दा अपजस मात्रै भयो, अब हामी आफ्नै सक्रियतामा काम सुरू गर्छौं ।"

भानुभक्तको घर पुनःनिर्माणपछि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने स्थानीयले अपेक्षा गरेका छन् । "आदिकवि भानुभक्तको नाममा देश तथा विदेशमा भव्य कार्यक्रम हुन्छ तर गृह जिल्लामै उपेक्षित भयो की भन्ने भान हामीलाई भइरहेको छ", कार्यकारी निर्देशक रानाभाटले भन्नुभयो, "घर पुनःनिर्माण गर्न सकिए यहाँ धेरै पर्यटकको आगमन हुने विश्वास गरेका छौँ ।"

विसं २०५७ मा समितिको सहयोगमा यादव खरेलले 'आदिकवि भानुभक्त' नामक चलचित्र निर्माणका लागि रु एक लाखमा उक्त घर पुनःनिर्माण गर्नुभएको थियो । जङ्गलको बीचमा रहेको उक्त घरमा विसं २०६१ जेठमा आगलागी हुँदा रु एक लाख २७ हजार बराबरको क्षति भएको थियो । गत वर्ष शिखर कटेरीमा पानी र बत्तीको व्यवस्थासहित यहाँ रामायण भवन निर्माण गरिएको भानुभक्त जन्मस्थल विकास समितिले जनाएको छ । समितिका अनुसार पर्यटन मन्त्रालयको रु तीन करोड लगानीमा रामायण भवन निर्माण गरिएको हो ।

# संघीय संसद् : सत्तापक्ष र प्रतिपक्ष आ-आफ्ना भनाइमा टसमस नहुँदा ...

**प्रकाश सिलवाल**/काठमाडौं

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक सय किलोभन्दा बढी सुन अवैधरूपमा भित्रिएको घटनामाथि उच्चस्तरीय छानबिन समिति वा नियमित सरकारी नियकायबाट छानबिन गर्ने भन्ने सवालमा सत्तापक्ष र प्रमुख प्रतिपक्ष आफ्नै अडानमा रहँदा संघीय संसद्को दुवै सदनका बैठक प्रभावित हुँदै आएका छन्।

सत्तापक्षले राज्यका सम्बन्धित निकायबाट हुने छानबिनमा सघाउन र यसको प्रतिवेदन आउने समयसम्म धैर्य गर्न प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) लाई आग्रह गरे पनि एमालेले उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गरेर मात्रै अनुसन्धान गहिराइमा पुग्ने भएकाले आफू त्यस अडानबाट पछि नहट्ने जनाउँदै आएको छ। सदनको जारी गतिरोध र संसदीय समितिका सभापतिको चयन लगायतका विषयमा छलफल गर्न प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको पहलमा यही साउन २२ गते दुई पटक र साउन २३ गते एकपटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित प्रमुख तीन दलका शीर्ष नेताहरूको बैठक भए पनि ती बैठक खासै फलदायी हुन सकेनन्। यसअघि दुई पटक सदनका बैठक सूचना टाँसेर स्थगन भइसकेको थियो ।

एमालेले यही साउन २ गते विमानस्थलबाट अवैधरूपमा बाहिरिएको र पक्राउ परेको एक सय किलो सुनका घटनाका सम्बन्धमा उच्चस्तरीय छानबिन समिति माग गर्दै यही साउन १० गतेदेखि प्रतिनिधिसभाको बैठकमा बैठक अवरूद्ध गर्दै आएको छ । घटनामाथि सुरूमा राजस्व अनुसन्धान विभाग र हाल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले छानबिन गरिरहेको जनाइएको छ। सोही विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा सार्वजनिक महत्वको प्रस्ताव राखेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले सुन तस्कारीका मुख्य नाइकेलाई हालसम्म पक्राउ नगएकामा प्रश्न उठाउँदै आएको छ। विभागले विमानस्थलबाट अवैधरूपमा बाहिरिएको झन्डै एक सय ५५ किलो सुन नियन्त्रणमा लिएपछि सरकारले सुन तस्करी अन्तरदेशीय संगठित अपराध भएको ठहर गर्दै यही साउन २१ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)लाई अनुसन्धान गर्न जिम्मा दिएको थियो।

यही साउन २३ गते बिहानको शीर्ष नेताको बैठकमा दिउँसो हुने प्रतिनिधिसभाको बैठकमा दलीय आधारमा एक एक सदस्यले बोल्ने र उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले जवाफ दिने समझदारीबमोजिम उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले सुन तस्करी प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याएर दोषीलाई कुनै पनि हालतमा कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । "निर्धारित समयभित्र सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा छानबिनलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकेन भने नयाँ शिराबाट बहस गरौँ", उहाँले भन्नुभएको थियो, "तस्करी र भ्रष्टाचारीलाई छुट दिन हुँदैन, यस प्रकरणलाई विचलित हुन नदिऔँ ।"

गृहमन्त्रीको उच्चस्तरीय समिति गठनको प्रतिबद्धता नआएको जनाउँदै एमालेले सदन पुनःअवरोध गरेको थियो । त्यसपछि साउन २४ गतेको बैठक पनि स्थगन भयो भने यही साउन २६ गतेका लागि बैठक राखिएको छ। संसद्को बैठक नियमित सञ्चालन नहुँदा प्रस्तुत भएका विधेयक अगाडि बढ्न पाएका छैनन् भने जनताको आवाज मुखरित हुने उपल्लो थलो मानिएको सदनमा जनप्रतिनिधिले बोल्न पाएका छैनन्।

हालसम्म सहमतिको विकल्प नदेखिएको स्थितिमा सो दिनको सदनको बैठक पनि सञ्चालन हुने संकेत देखिदैन । एमालेका प्रमुख सचेतक पदम गिरीले उच्चस्तरीय समिति गठनमा सत्तापक्षले चासो नदिएकाले आफूहरूको अवरोध कायमै रहने बताउनुभयो । तपाईंहरूमाथि जनताको आवाज मुखरित हुने थलो सदन अवरोध गरेको आरोप छ नि? भन्ने राससको प्रश्नमा उहाँले भन्नुभयो, "हामी त्यो आरोप खेप्न तयार छौँ तर सुन तस्करीको जालोलाई तोड्न उच्चस्तरीय छानबिन समिति गठनको विकल्प छैन । सरकार मातहतका नियकाले माथिल्लो तहमा व्यक्तिहरू पनि घटनामा संलग्न रहेको पाइए बयान लिने आँट नगर्न सक्छ। केबल भरियालाई समातेर हुँदैन । मुख्य दोषी (नाइके) समातिनुपर्छ।" उहाँले घटनापछि सरकारले प्रमाण नष्ट गराउने गरी काम गरेको आरोप लगाउँदै आशङ्का गरिएको गोदाममा छापा नहानेकामा चिन्ता व्यक्त गर्नुभयो।

राष्ट्रियसभामा सत्तापक्षका संसदीय दल (नेपाली कांग्रेस) का नेता रमेशजङ्ग रायमाझी अबका दिनमा सदनका बैठक चल्ने नचल्ने भन्ने विपक्षीको हातमा रहेको जनाउँदै अनावश्यक ढिपी नगर्न एमालेलाई आग्रह गर्नुभयो । "सरकारले अहिले भएको अनुसन्धानको निष्कर्ष ३५ दिनभित्र आउने भएकाले त्यसलाई हेरेर अर्को समिति बनाउने या नबनाउने विषयमा छलफल गरौँ भनिसकेको छ। त्यो समयसम्म सबैले कुर्नुपर्छ। सदनलाई अवरोधमा राखिरहनु हुँदैन। आफ्ना कुरा राखेपछि अरूका कुरा पनि राख्न दिनुर्छ ।" रासस







**जिशन मयल**
twitter.com/Jisanmayal
यस संसारमा हरेक चिजको लागि हामीले त्याग गर्नु नै पर्छ सित्तैमा त बाआमाको आशिर्वाद मात्रै पाइन्छ। हरेक चिजको प्राप्तिका लागि निश्चित मापदण्ड, त्याग र परिक्षाका चरणहरू पार गर्नुपर्छ। यहाँ श्वास लिन त पहिला श्वास छोड्नु पर्छ ।

**निलम्बर आचार्य**
twitter.com/nilacharya
मानव जीवनको समयसीमा हुन्छ, जे गर्ने हो त्यही सीमाभित्र गर्नुपर्छ । देश काल परिस्थितिको सिमाना हुन्छ, जे गर्ने हो त्यही सिमानाभित्र गर्नुपर्छ । मानिस, देश र समयको क्षमता जति अभ्यास गऱ्यो र जति बढायो, उति बढ्दै जान्छ, शिथिल राख्न हुन्न ।

**शोषक**
twitter.com/maaiilaa_saahu
बिना धुँवा आगो कहाँ बल्छ र
आगो बलेपछि कहाँ धुँवा हुन्छ र
कहिले हासो जिन्दगी कहिले रोदन
हर कुनै मनलाई हर कुनै मनले कहाँ छुन्छ र
मन जतिसुकै विरक्त अक्रान्त भएपनि
हर कोहिको सामु मन नदुखि किन रून्छ र
सबैको, आजात शत्रु र परम मित्र भागमा
दुबै उस्तै घातक रे के दुबैले प्राण लिन्छ र

# एनप्याब्सन र प्याब्सनद्वारा शिक्षा विधेयकको विरोधमा ज्ञापनपत्र

**भञ्ज्याङ समाचारदाता/दमौली**

विद्यालय शिक्षा सम्बन्धी संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० को विरोधमा एनप्याब्सन र प्याब्सन तनहुँले शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्नका लागि तयार गरिएको विधेयक सरोकारवालाका सुझावलाई वेवास्ता गरी तयार गरिएको सम्बन्धमा ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख छ ।



ज्ञापनपत्र बुझाएको छ । दुवै संस्थाले बिहीबार तनहुँका प्रमुख जिल्ला अधिकारीमार्फत् सरकारलाई ज्ञापनपत्र बुझाएको हो ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका तत्कालिन सचिव रामकृष्ण सुवेदीद्वारा हस्ताक्षरित

उक्त विधेयक संसदमा पेस हुनु अगावै सरोकारका प्रावधानहरूको उचित सम्बोधन नभएमा देशैभरी सञ्चालित निजी लगानीका विद्यालय बन्द गरी थप आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने जनाइएको छ ।

# 'स्वास्थ्य सवलताका लागि नर्सिङ घरदैलो कार्यक्रम'

**रासस/वालिङ**

स्याङ्जाको वालिङमा नागरिकको 'स्वास्थ्य सवलताका लागि नर्सिङ घरदैलो कार्यक्रम' सञ्चालन गरिएको छ । स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र वालिङ नगरपालिकाबीच सम्झौतापत्रमा हस्ताक्षर भई उक्त कार्यक्रम सञ्चालनमा आएको हो । प्राय नसर्ने रोगका कारण धेरै नागरिकले ज्यान गुमाउन बाध्य भएकाले स्वास्थ्यसम्बन्धी चेतना फैलाउन उक्त कार्यक्रम सञ्चालनमा ल्याइएको नगरप्रमुख कृष्ण खाणले बताउनुभयो।

कार्यक्रममा खटिने स्वास्थ्यकर्मीले नागरिकलाई स्वास्थ्य जीवनशैलीको आचरण अवलम्बन गर्न सचेत गराउने उहाँले बताउनुभयो । "नर्सिङ घरदैलो कार्यक्रममा खट्नुहुने स्वास्थ्यकर्मीले नागरिकलाई मुटुरोग, मनोरोग, पाठेघरको क्यान्सर, स्तन क्यान्सरलगायत रोगकाबारे जानकारी दिनुहुन्छ" नगरप्रमुख खाडले भन्नुभयो, "सरूवा रोगको प्रकोप, जोखिम तथा न्यूनिकरणका लागि पनि नर्सिङ घरदैलो कार्यक्रम प्रभावकारी हुनेमा हामी विस्वस्त छौँ ।"

सक्षमताका लागि स्वास्थ्य पहिलो आवश्यकता भएकाले नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर पहल थालिएको उहाँले बताउनुभयो। यस कार्यक्रमले नसर्ने रोगको प्रतिकूल प्रभाव र न्यूनीकरणका लागि सहयोग गर्ने स्वास्थ्य सेवा विभागका वरिष्ठ अस्पताल नर्सिङ शाखा प्रमुख बाला राईले बताउनुभयो ।

"नर्सिङ घरदैलो कार्यक्रम नर्सिङ जनशक्ति व्यवस्थापन तथा सञ्चालनका लागि नगरको सिङ्गो टिमको भूमिका र दायित्व महत्वपूर्ण हुन्छ" उहाँले भन्नुभयो, "यस कार्यक्रमको उद्देश्य पूरा गर्न सबैले आ-आफ्नो ठाउँबाट निरन्तर प्रयास गर्नुपर्छ ।" नगरका १४ वटै वडामा खटिने स्वास्थ्यकर्मीले नागरिकको स्वास्थ्यसम्बन्धी पूर्ण तथ्याङ्क संकलन, स्वास्थ्य अवस्था लगायत विवरण सङ्कलन गर्दै सचेतना फैलाउने गर्नेछन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४